सम्पर्क : ०९९-४१३१२१, ०९९-४१३१२२

# बेदकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सिर्सैया, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं : ०७७/०७८
च.नं.:

मिति :२०७८/०५/०८

कोभिड १९ विरुद्धको Sinopharm Inactivated BIBP( Vero- cell) खोप अभियान संचालन सम्बन्धि सुचना

उपरोक्त विषय सम्बन्धमा यस वेदकोट नगरपालिका अर्न्तगत विभिन्न चरणमा कोभिड १९ विरुद्धको खोप अभियान संचाल गर्ने क्रममा मिति २०७८।०४।१३ देखि २०७८।०४।१६ गते सम्म सुडा स्वास्थ्य चौकी , दैजी स्वास्थ्य चौकी, वेदकोट कोभिड अस्पताल र धरमपुर आधारभुत स्वाथ्य सेवा केन्द्र बाट पहिलो मात्रा Sinopharm Inactivated BIBP( Vero- cell) लगाएका व्यक्तिहरुलाई सो खोपको दोस्रो मात्रा लगाउने कार्यक्रम रहेकाले तपसिल बमोजिमको मिति, समय र स्थानमा गई दोस्रो मात्रा खोप लगाउन हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

नोटः खोप लगाउन आउँदा अनिवार्य रुपमा पहिलो मात्रा लगाएको खोप कार्ड लिई आउनुपर्ने छ ।

पदम राज भट्ट
प्रमुख प्रशासकिये अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

तपसिल:

| सि.नं. | खोपकेन्द्रको नाम | खोप संचालन मिति | संचालन समय | कैफियत |
|---|---|---|---|---|
| १ | दैजी स्वास्थ्य चौकी वडा न. ३ | २०७८।०५।१०,११ र १२ गते | बिहान १०:०० देखि ४:०० बजे सम्म | |
| २ | सुडा स्वास्थ्य चौकी वडा न. ७ | २०७८।०५।१०,११ र १२ गते | | |
| ३ | वेदकोट नगर कोभिड अस्पताल सामादैजी वडा न. ३ | २०७८।०५।१०,११ र १२ गते | | |
| ४ | धरमपुर आ.स्वा.से.के, वडा नं. ५ | २०७८।०५।१०,११ र १२ गते | | |

आज मिति २०७८/५/८ गतेका दिन जिल्ला कोभिड-१९ खोप समन्वय तथा अनुगमन समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारी श्री रामप्रसादको पाण्डेको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बैठक बसी निम्नानुसार निर्णयहरु गरियो ।

उपस्थितिः

१. संयोजक: श्री रामप्रसाद पाण्डे, प्रमुख जिल्ला अधिकारी , जिल्ला प्रशासन कार्यालय
२. सदस्य: श्री सुरेन्द्र बिष्ट, नगर प्रमुख भीमदत्त नगरपालिका
३. सदस्य: श्री अशोक कुमार भण्डारी स.प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय
४. श्री उमा प्रसाद चतुर्वेदी प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय
५. सदस्य: श्री बिरेन्द्र बहादुर रेग्मी स.प्र.ड.,सशस्त्र प्रहरी बल ३५ नं. गण
६. सदस्य: श्री कमल प्रशाद भट्टराई उ.अ.नि., राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय कंचनपुर
७. सदस्य: श्री भीष्म के.सी. सेनानी, श्री श्रीदल गुल्म भगतपुर, कञ्चनपुर
८. सदस्य: श्री हरि कुमार श्रेष्ठ नि.मे.सु, महाकाली अस्पताल
सदस्य: श्री मोहन सुवेदी जिल्ला समन्वय अधिकारी, जिल्ला समन्वय समिति
सदस्य: श्री शिवराज सुनार प्रमुख, स्वास्थ्य कार्यालय, कंचनपुर
११. सदस्य: श्री नरेन्द्र राज जोशी ज.स्वा.अ भीमदत्त न.पा
१२. खोप फोकल व्यक्ति श्री जनक बहादुर कुँवर स्वा.का.कंचनपुर

एजेण्डाः

१: खोप कार्यक्रम चलाउने सम्बन्धमा
२ : खोप कार्यक्रममा खोप प्रदान गरिने व्यक्ति, समूह सम्बन्धमा ।
३: जनशक्ति व्यवस्थापन सम्बन्धमा ।

निर्णय १:

कोभिड-१९ रोगको रोकथाम र नियन्त्रणको लागि विभिन्न चरणमा खोप अभियान सञ्चालन भैरहेको र सोहि सन्दर्भमा कञ्चनपुर जिल्लामा मिति २०७८-४-१३ गते देखि ऐ १६ गते सम्म sinopharm Inactivated BIBP(Vero-Cell) पहिलो मात्रा खोप सञ्चालन भइ सकेको र उक्त खोपको दोश्रो मात्रा यहि मिति २०७८-५-१० गते देखि ऐ १२ गते सम्म साबिकको खोप केन्द्रबाट पहिलो मात्रा लगाएको खोप कार्डको आधारमा दोश्रो मात्रा खोप सेवा संचालन गर्ने निर्णय गरियो।

निर्णय नं २:

परिवार कल्याण महाशाखाको मिति २०७८ श्रावण २२ गते प्रेषित पत्रानुसार कोभिड-१९ बिरुद्धको **Astrazeneca** खोप तोकिएको लक्षित समूहका व्यक्तिहरुलाई दोश्रो मात्रा खोप दिई बाकि रहेको उक्त खोप अन्य लक्षित समूहलाई प्राथमिकताका साथ प्रदान गर्ने भनिएकोमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७८ भाद्र ०२ गते को निर्णय अनुसार उक्त लक्षित समूहका व्यक्तिहरु साथै यस अघि प्राथमिकता पारी छुट भएका नागरिकहरु र १८ वर्ष उमेर पुगेका कक्षा १२ का विद्यार्थीहरु र सिमा नाका प्रवेश बिन्दुहरु (Point Of Entry) बाट नेपाल प्रवेश गर्ने १८ वर्ष पुरा भएका नागरिकहरुलाई भीमदत्त नगरपालिका मार्फत पहिलो मात्रा दिने व्यवस्था मिलाउने गरी खोप दिने निर्णय गरियो।

निर्णय नं ३:

क. Astrazeneca खोप सेवा सञ्चालन गर्दा स्वास्थ्य कार्यालय अन्तरगतका विभिन्न कार्यक्रम करार योजनामा काम गर्ने स्वास्थ्यकर्मीहरु स्वयं सेवकहरु तथा भी.न.पा. र आवश्यकता अनुसार अरु पालिकाका स्वास्थ्यकर्मीहरु परिचालन गरी सेवा सञ्चालन गर्ने ।

ख. गड्डाचौकी सीमानाकामा भएका संरचनाहरुलाई व्यवस्थित गरी उक्त स्थानमा मिति २०७८।०५।१० गते देखि सञ्चालन गर्ने ।